नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं.: ११९

मितिः २०८२।०६।२३

**विषयः आवश्यक सहजीकरण गर्ने सम्बन्धमा ।**

मिति २०८२ साल भाद्र २३ र २४ को आन्दोलनबाट

सङ्घीय एवं प्रादेशिक कार्यालयमा क्षति भएका स्थानीय तहहरु (सबै)।

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन जी (Gen Z) उमेर समूहका युवाहरुको अगुवाईमा भएको आन्दोलनबाट जिल्ला स्थित मालपोत, नापी, जिल्ला प्रशासन लगायतका सङ्घीय कार्यालय र विभिन्न प्रादेशिक एवं स्थानीय तहका कार्यालयहरुमा भएको आगजानी एवं अन्य कारणबाट कागजात नष्ट भएको सन्दर्भमा उक्त कार्यालयहरुमा सेवाग्राहीले सेवा लिन आवश्यक हुने कागजात स्थानीय तहबाट प्राप्त गर्नका लागि सेवाग्राहीबाट सिफारिस माग भई आएमा देहाय बमोजिम हुन मिति २०८२।०६।२३ को निर्णयानुसार (मन्त्रीस्तर) अनुरोध छ।

देहायः

१. सेवाग्राहीले सेवा लिन आवश्यक पर्ने कागजातको कार्यालयप्रति सुरक्षित भएमा सोको प्रतिलिपि उपलब्ध गराउने।
२. कार्यालय प्रति समेत सुरक्षित नभएका कारण नयाँ सिफारिस गर्नु पर्ने भएमा सो कार्यका लागि नियमानुसार लाग्ने सिफारिस शुल्क नलिने।
३. स्थानीय तहका कार्यालयहरुमा क्षती भई अभिलेख नष्ट भएकोमा स्थानीय तह सेवा प्रवाहको प्रथम सेवा विन्दु समेत हुने भएकोले सेवाग्राहीलाई आवश्यक पर्ने विभिन्न कागजातको तयारी र प्रमाणीकरण गरी उपलब्ध गराउने व्यवस्था गर्ने।
४. सेवा प्रवाह गर्दा सेवाग्राहीको परिचय खुल्ने आधिकारिक कुनै एक प्रमाणपत्र बाहेक थप प्रमाण मागिरहनु नपर्ने गरी सहज सेवा प्रवाहको व्यवस्था गर्ने।

६/२३

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री गृह मन्त्रालय, सिंहदरबारः सम्पूर्ण जिल्ला प्रशासन कार्यालयहरुमा पत्राचार गरी आवश्यक समन्वय गरिदिनुहुन।

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन।